सक्नेछ। घटाघट गर्दा पनि लागत अनुमानको दश प्रतिशतभन्दा बढी भएमा पुनः बोलपत्र आव्हान गर्नु पर्नेछ। पुनः बोलपत्र आव्हान गर्दा पनि लागत अनुमानको दश प्रतिशतभन्दा बढी भएमा लागत अनुमानको पुनरावलोकन गरी पुनः बोलपत्र आव्हान गर्नु पर्नेछ।

(ज) बोलपत्र नपरेमा वा एक मात्र बोलपत्र पर्न आएमा सो नखोली सामान्यतः सात दिन भित्र पुनः बोलपत्र माग गर्नु पर्नेछ। पुःन बोलपत्र माग गर्दा पनि कुनै बोलपत्र नपरेमा वा एक मात्र बोलपत्र परेमा खण्ड (ञ) बमोजिम कायम रहेको बोलपत्र समेत खोली सो बोलपत्रमा कबुल गरिएको रकम स्वीकृत लागत अनुमान अंक भित्र पर्न आएमा त्यस्तो बोलपत्र स्वीकृत गर्न सकिनेछ। लागत अनुमानभन्दा बढी भएको अवस्थामा खण्ड (छ) बमोजिम गर्नु पर्नेछ।

(झ) दुई पटक बोलपत्र आव्हान गर्दा पनि रीत पूर्वकको बोलपत्र नपरेमा र पुनः बोलपत्र माग गर्दा काममा बाधा पर्ने भएमा समितिको स्वीकृति लिई सिलबन्दी दरभाउपत्र वा लागत सम्बन्धी कुनै आधार लिई औचित्यको आधारमा वार्ताद्वारा खरिद गर्न वा अमानतबाट निर्माण गर्न सकिनेछ।

(ञ) पुनः बोलपत्र आव्हान गर्नु पर्दा खण्ड (ज) बमोजिमको बोलपत्रदातालाई पनि कायम राखी बोलपत्र आव्हान गर्न सकिनेछ।

तर यसरी कायम राखेको बोलपत्रदातालाई चित्त नबुझे आफ्नो बोलपत्र फिर्ता गरी पाउँ भनी पुनः बोलपत्र दाखिल गर्ने निर्धारीत म्यादको २४ घण्टा अगाडी दरखास्त दिएमा निजको बोलपत्र फिर्ता गरी दिनु पर्नेछ र यसरी बोलपत्र फिर्ता भएमा त्यस्तो बोलपत्र अस्वीकृत भए सरह जमानत फिर्ता गर्नुपर्नेछ।

(ट) कुनै पनि कारणबाट पुनः बोलपत्र माग गर्नु पर्दा दोश्रो पटक कर्म्तीमा पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

(ठ) माथि जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयहरुमा देहाय बमोजिम गरी बोलपत्र स्वीकृत गर्नु पर्नेछ :-

(१) अन्तर्राष्ट्रिय बोलपत्र (ग्लोवल टेण्डर) मा विदेशीहरुको मात्र बोलपत्र पर्न आएकोमा विदेशी निर्माण कम्पनीले नेपालमा काम गर्दा नेपाली निर्माण कम्पनी वा फर्मसंग संयुक्त कार्य (ज्वाइन्ट भेन्चर) मा काम गर्ने प्रस्ताव भएको कम्पनीलाई प्राथमिकता दिनु पर्नेछ।

(२) छ करोड रुपैयाँसम्मको ठेक्का पट्टा नेपाली नागरिकलाई नै दिनु पर्नेछ। त्यस्तो ठेक्का पट्टा नेपाली नागरिकलाई नदिई विदेशी नागरिकलाई दिनु परेमा समितिको स्वीकृति लिनु पर्नेछ।

(३) बोलपत्र स्वीकृत गर्दा वैदेशिक सहयोग सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक विदेशीको बोलपत्रको अकभन्दा नेपालीको बोलपत्रको अंक साँढे सात प्रतिशतसम्म बढी भएमा पनि नेपालीको बोलपत्र स्वीकृत गर्नु पर्नेछ।

(४) विदेशीको बोलपत्र स्वीकृत गर्दा विदेशी निर्माण कम्पनीले पचास प्रतिशत नेपालीको सयुक्त कार्य (ज्वाइन्ट भेन्चर) मा काम गर्ने भएकोमा अरुकोभन्दा साढे सात प्रतिशतसम्म बढी अक भए पनि स्वीकृत गर्नुपर्नेछ। पचास प्रतिशतभन्दा कम पच्चिस प्रतिशतसम्म नेपालीको हिस्सा रहेको सयुक्त कार्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज्वाइन्ट भेन्चर) मा पाँच प्रतिशतसम्म बढी अंक भए पनि स्वीकृत गर्नु पर्नेछ ।

(ङ) यस नियमावली बमोजिम पर्न आएको बोलपत्र खोलेपछि सो बोलपत्र पेश गर्नकोलागि निर्धारीत म्याद जति छ त्यति नै अवधि भित्र यथाशक्य त्यस्तो बोलपत्र स्वीकृत गर्नु पर्नेछ ।

(ढ) विदेशी सहायताबाट सञ्चालित आयोजनाको खरिद तथा निर्माण सम्बन्धी कार्य गर्दा दातृ पक्षसंग भएको सम्झौता वा सम्बन्धित दातृ पक्षको खरिद निर्देशिका (प्रोक्योरमेन्ट गाईडलाईन) बमोजिम गर्नु पर्नेछ ।

(ण) यस नियमावली बमोजिम बोलपत्र स्वीकृत गर्दा बोलपत्रको तुलनात्मक तालिका बनाई बोलपत्र स्वीकृत गर्नु पर्नेछ । बोलपत्र स्वीकृत भएपछि बोलपत्रदाताहरुको नाम नामेसी, सबै बोलपत्रदाताको मूल्यांकित अंक र स्वीकृत भएको बोलपत्रको स्वीकृतिका आधार र अंक समेत खुलाई सार्वजनिक गर्नुपर्छ ।

(३) कुनै कार्यको ठेक्का सम्झौता भई काम शुरु गरिसकेपछि भेरिएशन आदेश गर्नुपर्ने अवस्था भएमा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) ठेक्का सम्झौता रकमको पन्ध्र प्रतिशतभन्दा बढी खर्च हुने गरी भेरिएशन आदेश दिनु हुँदैन, दिएमा स्वीकृत गर्ने अधिकारीले तिर्नु पर्नेछ ।

(ख) बजेट व्यवस्था नगरी भेरिएशन आदेश दिनु हूँदैन ।

(ग) प्रत्येक भेरिएशन आदेशमा दररेट, थप म्याद, मूल्य बृद्धि, क्षतिपूर्तिमा असर पर्ने नपर्ने विवरण खुलाउनु पर्नेछ ।

(घ) ठेक्का सम्झौता अनुसारको दररेटभन्दा बढी दररेट हुनेगरी भेरिएशन आदेश गर्नु हुँदैन ।

(ङ) बढी दररेट तर कम परिमाण भएका आइटममा शत प्रतिशतभन्दा बढी हुने गरी भेरिएशन आदेश गर्नु हुँदैन ।

(च) भेरिएशन आदेश दिंदा प्रत्येक भेरिएशन आदेशमा भेरिएशनको प्रकृति, ठूला आइटम, साना आइटम, म्याद थप दिनु पर्ने वा नपर्ने र पर्ने भए कति दिन, भेरिएशन आइटमको नयाँ दररेट बील अफ क्वान्टीटीको आइटमभन्दा घटीबढी, अद्यावधिक फेर बदल जम्मा सम्झौता रकमको कति प्रतिशत, थप रकम कहाँबाट कसरी जुटाउने , भेरिएशन आदेश पछिको जम्मा जम्मी ठेक्का पट्टा रकम शुरु सम्झौता रकमको कति प्रतिशत हुने स्पष्ट गर्नुपर्ने ।

स्पष्टीकरण : यस उपनियमको प्रयोजनको लागि "भेरिएशन आदेश" भन्नाले ठेक्का पट्टा सम्झौता कार्यान्वयनको अवस्थामा शुरु सम्झौताको कार्यपरिणाममा थप, घट, नयाँ आइटम थप्ने वा सट्टा गर्ने अवस्था उत्पन्न भई उपलब्ध बजेट रकमको परिधि भित्र रही साविक ठेक्काबाट यस्ता फेरबदल गर्दा नयाँ ठेक्का पट्टा व्यवस्था गर्नभन्दा किफायती हुने तथा खर्चको प्रभावकारीता बढ्ने अवस्थामा बोलपत्र स्वीकृत गर्ने अधिकारीले दिने आदेश सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५०. सिलबन्दी दरभाउपत्र सम्बन्धी व्यवस्था : (१) सिलबन्दी दरभाउपत्र दिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तीन शय रुपैयाँ तिरी विभागीय प्रमुखबाट तोकेको कर्मचारीको दस्तखत र सचिवालयको छाप लागेको सिलबन्दी दरभाउपत्रको फाराम खरिद गर्नु पर्नेछ ।

(२) सिलबन्दी दरभाउपत्रका सम्बन्धमा समेत बोलपत्रका सम्बन्धमा उल्लेख भएका नियम ४२, ४७, ४८ र ४९ मा उल्लिखित कार्यविधिहरु लागू हुनेछन् ।

५१. सार्वजनिक घटाघटको व्यवस्था : (१) यस नियमावली बमोजिम बोलपत्रबाट निर्माण सामाग्री खरिद गर्दा वा निर्माण कामको ठेक्का बन्दोवस्त गर्दा समयमा काम नहुने पर्याप्त कारण भएमा र भौजुदा संरचना पनि भत्कने बिग्रने तथा हानी नोक्सानी हुने भएमा हानी नोक्सानी समेत खुलाई वा विशेष परिस्थिति आइपर्ने देखिएमा उपनियम (२) बमोजिमको म्याद दिई सार्वजनिक घटाघट गर्न सकिनेछ ।

तर स्वीकृत कार्यक्रम र कार्यतालिका अनुसार गर्नु पर्ने कार्य निर्धारीत समयमा नगरी ढिलाई गरी आर्थिक वर्षको अन्त्य तिर समय नभएको कारण जनाई घटाघट गर्न पाइने छैन ।

(२) उपनियम (१) बमोजिम दश लाख रुपैयाँभन्दा बढीको कामको लागि घटाघट गराउँदा कम्तीमा सात दिनको म्याद दिई राष्ट्रिय पत्रिकामा देहायका कुरा खोली सूचना प्रकाशित गरी घटाघट गराउन सकिनेछ ।

(क) घटाघटको माध्यमबाट काम गराउनु पर्नाको कारण,

(ख) मालसामान वा कामको विवरण,

(ग) घटाघट हुने स्थान,

(घ) घटाघट हुने समय र मिति, घटाघटमा सहभागी हुन पाउनेको योग्यता,

(ङ) कबोल अंकको ५ प्रतिशतले हुने रकम नगद वा बैङ्क जमानतको रुपमा राख्नु पर्ने कुरा,

(च) अन्य आवश्यक कुराहरु ।

(३) यस नियम बमोजिम सार्वजनिक घटाघट गराउँदा बोलपत्र स्वीकृत गर्ने अधिकारी वा निजले तोकेको अधिकृत कर्मचारीले महालेखा नियन्त्रक कार्यालय र गृह मन्त्रालयका अधिकृत प्रतिनिधिको रोहबरमा घटाघट गराउनु पर्नेछ । यसरी घटाघट गराई सकेपछि घटाघटमा बोलिएका अङ्कहरुलाई तालिकामा उल्लेख गरी मुचुल्का बनाई उपस्थित सदस्यहरुको सही गराउनु पर्नेछ ।

(४) यस नियम बमोजिम घटाघट गराउँदा सिलबन्दी वा खुल्ला बोलकबोलको माध्यमबाट गर्न सकिनेछ ।

(५) यस नियम बमोजिम घटाघट गराउँदा उप नियम (२) को खण्ड (घ) बमोजिम योग्यता पुगेका दुईभन्दा बढीको सहभागीता हुनुपर्नेछ ।

(६) यस नियम बमोजिम घटाघट गराउँदा श्री ५ को सरकारको पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व भएका संस्थाहरुलाई समावेश गरी घटाघट गराउन सकिनेछ ।

403
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यसरी घटाघट गरी वा प्रतिस्पर्धामा भाग नलिई ठेक्का सम्झौता गरेको संस्थाले चालिस प्रतिशतभन्दा बढीको काम कटकिन्दारबाट गराउन पाउने छैन ।

५२. सार्वजनिक घटाघटको डाँक स्वीकृत गर्ने अधिकारीको अधिकार र कर्तव्य : सार्वजनिक घटाघटको डाँक स्वीकृत गर्ने अधिकारीको अधिकार र कर्तव्य नियम ४९ मा उल्लेख भए बमोजिम हुनेछ ।

५३. ठेक्का स्वीकृतिको सूचना दिने तथा ठेक्का सम्झौता गराउने : (१) यस नियमावली बमोजिम सिलबन्दी दरभाउपत्र वा बोलपत्र वा घटाघट डाँक स्वीकृति भइसकेपछि सचिवालयले तीन दिन भित्र सो को सूचना सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना पाएपछि त्यस्तो सूचना पाउने व्यक्तिले बाटाको म्याद बाहेक सात दिन भित्र सम्झौता गर्न आउनु पर्नेछ । ठेक्का सम्झौता गर्दा सिलबन्दी दरभाउपत्र वा बोलपत्रका शर्तहरु, काम गर्ने कार्य तालिका र सिलबन्दी दरभाउपत्र वा बोलपत्र कागजात समेतको आधारमा मितव्ययिता र कार्यक्रम अनुसार काम सम्पन्न गर्ने गरी शर्त सहितको ठेक्का सम्झौता गर्नुपर्नेछ । सम्झौतामा मुख्य मुख्य निर्माण सामग्रीको दर र कार्यतालीका समेत खुलाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको म्याद भित्र हाजिर नभएमा वा ठेक्का सम्झौता गर्न मन्जुर नगरेमा सिलबन्दी दरभाउपत्र वा बोलपत्र को सूचनामा उल्लिखित जमानत बापतको रकम जफत गरिनेछ । त्यस्तो अवस्थामा निज पछिका क्रमानुसारको बोल अंक भएको सिलबन्दी दरभाउपत्र वा बोलपत्र दातालाई उपनियम (१) बमोजिमको सूचना दिई आवश्यक जमानत लिई ठेक्का बन्दोबस्त गर्न सकिनेछ । यसरी क्रमानुसारको रकमको सिलबन्दी दरभाउपत्र वा बोलपत्र दिनेले पनि उपनियम (२) बमोजिमको म्याद भित्र हाजिर नभएमा वा ठेक्का सम्झौता गर्न मन्जुर नगरेमा निजको पनि जमानत बापतको रकम जफत गरिनेछ ।

तर त्यसरी ठेक्का बन्दोबस्त गर्दा पहिलोक्रमको सिलबन्दी दरभाउपत्र वा बोलपत्र दाताको जफत हुने जमानत बापतको रकम निजकै बोल अंकमा जोड्दा हुन आउने रकमभन्दा बढि बोल अंक भएमा मूल्यांकन समितिको सिफारिसमा स्वीकृत गर्न सकिनेछ । यसरी न्यूनतम कबोल गर्ने पहिलो तीन बोलपत्रदाताहरु सम्झौता गर्न नआएमा निजहरुको जमानत जफत गरी पुनः सिलबन्दी दरभाउपत्र वा बोलपत्र आव्हान गर्नु पर्नेछ ।

(४) सिलबन्दी दरभाउपत्र वा बोलपत्र दाताले नियम ४२ को उपनियम (७) र (८) बमोजिम जमानत बापत राखेको रकम यस नियमावली बमोजिम ठेक्का सम्झौता गर्ने काम समाप्त नभएसम्म फिर्ता दिइने छैन ।

तर पुनः सिलबन्दी दरभाउपत्र वा बोलपत्र माग गर्नु पर्ने भएमा फिर्ता गर्न बाधा पुऱ्याएको मानिने छैन । उपनियम (३) मा उल्लिखित न्यूनतम बोलकबोल गर्ने पहिलो तीन सिलबन्दी दरभाउपत्र वा बोलपत्र दाता बाहेक अरुको जमानत बापतको रकम फिर्ता दिन सकिनेछ ।

(५) सिलबन्दी दरभाउपत्र वा बोलपत्र वा घटाघट डाँक स्वीकृती भएपछि सम्झौता गर्दा यस नियमावलीमा उल्लेख गरिएका अन्य कुराहरुका अतिरिक्त देहायका कुराहरु सम्झौतामा स्पष्ट रुपमा खुलाउनु पर्नेछ :-

(क) काम सम्पन्न गर्नुपर्ने अवधि,

(ख) जरिवाना सम्बन्धी व्यवस्था,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) हर्जाना र क्षतीपूर्ति सम्वन्धी कुराहरु,

(घ) ठेक्का तोडीन सक्ने अवस्था,

(ङ) विमा सम्वन्धी व्यवस्था,

(च) भुक्तानीको तरिका र मूल्य वृद्धि सम्वन्धी व्यवस्था,

(छ) मर्मत सम्भार गर्नुपर्ने अवधि,

(ज) पेश्कीको व्याज सम्वन्धी कुरा,

(झ) अन्य आवश्यक कुराहरु ।

५४. विमा गराउनु पर्ने : (१) एक करोड रुपैयाँभन्दा माथिको ठेक्कामा ठेकेदारले सम्झौता गरेको सात दिन भित्र ठेक्का शुरु हुने मितिदेखि मर्मत अवधिसम्म लागू हुने गरी निम्नानुसारको जोखिमको लागि विमा गरेको प्रमाण सचिवालयमा पेश गर्नु पर्नेछ । यस्तो विमाको विमाङ्क वोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

(क) संरचना, सामग्री र मेशिनको सभावित क्षति वा नोक्सानी,

(ख) औजारको संभावित क्षति वा नोक्सानी,

(ग) ठेक्काको कारणवाट हुने अन्य सम्पत्तिमा हुन सक्ने क्षति वा नोक्सानी,

(घ) कामदारहरुको व्यक्तिगत शारीरिक क्षति, अंगभंग वा मृत्यु,

(ङ) तेश्रो पक्षसंग सम्वन्धित जोखिम ।

(२) उपनियम (१) वमोजिम गरिएको विमावाट भएको क्षति वा नोक्सानीको क्षतिपूर्ति हुनेछ ।

(३) विमाका शर्तहरु विभागीय प्रमुखको स्वीकृति वेगर परिवर्तन गर्न पाइने छैन ।

५५. प्राविधिक वा परामर्श सेवा लिन सकिने : (१) समितिले संसद वा सचिवालयका लागि कुनै संरचना निर्माण गर्नु परेमा योजना तर्जुमा, सम्भाव्यता अध्ययन, ड्रइङ्ग, डिजाइन, स्पेसिफिकेशन, सर्वेक्षण र निर्माण कार्यको रेखदेख, मर्मत, सम्भार, सामानहरुको खरिद विक्री वा अन्य त्यस्तै कुनै प्राविधिक वा परामर्श सेवाको लागि कुनै प्राविधिक वा प्राविधिज्ञहरुको समूह वा परामर्शदातृ संघ, संस्थावाट प्राविधिक वा परामर्श सेवा लिन सकिनेछ ।

(२) उपनियम (१) वमोजिम परामर्श सेवा लिनु परेमा सम्वन्धित विषयको प्राविधिज्ञ वा प्राविधिज्ञहरुको समूह वा परामर्शदातृ संघ संस्थालाई देहाय वमोजिम नियुक्त गरी त्यस्तो सेवा लिन सकिनेछ :-

(क) रु. १,००,०००।- (एक लाख रुपैयाँ) सम्मको सेवा शुल्क लाग्नेमा सोझै वार्तावाट ।

(ख) रु. १,००,०००।- (एक लाख रुपैयाँ) भन्दा माथि रु. ५,००,०००।- (पाँच लाख रुपैयाँ) सम्म सेवा शुल्क लाग्नेमा उपनियम (७) वमोजिम सामान्य प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको सिलवन्दी दरभाउ-पत्रवाट ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) रु. ५,००,०००।- (पाँच लाख रुपैयाँ) भन्दा बढी जतिसुकै सेवा शुल्क लाग्नेमा उपनियम (८) बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको बोलपत्रबाट ।

(३) अधिकार प्राप्त अधिकारीले श्री ५ को सरकारको पचास प्रतिशतभन्दा बढी पूँजी लगानी रहेको संस्थाबाट उपनियम (१) बमोजिम प्राविधिक वा परामर्श सेवा लिन उचित देखेमा उपनियम (२) को खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्ता संस्थाबाट प्राविधिक र आर्थिक प्रस्ताव लिई वार्ताबाट काम गराउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम वार्ताद्वारा काम गराउने संस्था गराउन लागिएको कामसंग सम्बन्धित हुनुपर्नेछ ।

(५) ऋण र सहायता लिंदा विशेष सम्झौता भएकोमा बाहेक विदेशी परामर्शदाताले नेपाली परामर्शदातासंग संयुक्त रुपमा काम गर्ने गरी सम्झौता भएको प्रमाणपत्र पेश गरेको रहेछ भने मात्र त्यस्तो प्रस्ताव माथि कारबाही हुनेछ ।

(६) स्वदेशी तथा विदेशी परामर्शदाताहरुको सिलबन्दी दरभाउपत्र वा बोलपत्रहरु दाखिल हुन आएको अवस्थामा स्वदेशी परामर्शदाताबाट अंकित रकम विदेशी परामर्शदाताको तुलनामा दश प्रतिशतसम्म बढी भए पनि स्वदेशी परामर्शदाताको बोलपत्र वा सिलबन्दी दरभाउपत्र स्वीकृत गर्न सकिनेछ । यस उपनियमको प्रयोजनको लागि स्वदेशी परामर्शदाता भन्नाले विदेशी व्यक्ति संलग्न नभएको परामर्शदाता फर्म वा कम्पनी सम्झनु पर्छ ।

(७) उपनियम (२) को खण्ड (ख) को प्रयोजनको लागि सिलबन्दी दरभाउपत्र माग गर्दा प्राविधिक वा परामर्श सेवासंग सम्बन्धित कार्य क्षेत्रगत शर्तहरु (टर्म अफ रेफरेन्स) तयार गरी राष्ट्रिय स्तरको पत्रपत्रिकामा पन्ध्र दिनको सूचना प्रकाशन गरेर प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको सिलबन्दी दरभाउपत्र माग गर्नु पर्नेछ ।

(८) रु. ५,००,०००।- (पाँच लाख रुपैयाँ) भन्दा बढीको प्राविधिक वा परामर्श सेवा प्राप्त गर्नको निमित्त उपनियम (१३) मा उल्लेख भए बमोजिमको विवरण समेत खुलाई कार्यक्षेत्रगत शर्तहरु (टर्म्स अफ रेफरेन्स) तयार गरी प्राविधिक र आर्थिक प्रस्ताव सहितको बोलपत्र माग गर्नुपर्नेछ । यसरी प्राविधिक र आर्थिक प्रस्ताव सहितको बोलपत्र माग गर्दा बोलपत्र दिन चाहने संघ, संस्था, फर्म वा व्यक्तिको नाम, ठेगाना, प्रोप्राइटर वा साझेदारको नाम, ठेगाना तथा संस्थाको स्थापना मिति समेत खुलाई बोलपत्र पेश गर्न राष्ट्रिय स्तरको पत्रपत्रिकामा आवश्यकता अनुसार पन्ध्र दिन देखि पैतीस दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेछ ।

(९) उपनियम (७) र (८) मा उल्लेख भए बमोजिमको प्रस्ताव सहित सिलबन्दी दरभाउपत्र वा बोलपत्र पेश गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था श्री ५ को सरकारको सम्बन्धित विभागमा दर्ता भई आयकर दर्ता प्रमाणपत्र प्राप्त गरेको हुनु पर्नेछ । यसरी सिलबन्दी दरभाउपत्र वा बोलपत्र पेश गर्ने संस्थासंग आवद्ध जनशक्तिको व्यक्तिगत विवरण पेश गर्ने सम्बन्धित कर्मचारीबाट स्वीकारोक्ति भएको विवरण संलग्न हुनु पर्दछ ।

(१०) यस नियम बमोजिम पर्न आएका प्राविधिक र आर्थिक प्रस्तावहरु खोल्नु अगावै उपनियम (१३) को आधारमा मूल्याङ्कन भार तोक्नु पर्नेछ । यसरी भार तोकी सकेपछि प्राविधिक प्रस्ताव खोल्नु पर्नेछ । यसरी खोली सकेको प्राविधिक प्रस्तावहरु मध्ये उपनियम (१३) को आधारमा मूल्यांकन गरी कम से कम साठी प्रतिशतभन्दा बढी अंक ल्याउनेहरुको सूची तयार गर्नुपर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(११) उपनियम (१०) बमोजिम प्राविधिक सूची तयार गर्दा कम्तीमा तीन वटा प्रस्ताव छनौट हुन नसकेको अवस्थामा पचास प्रतिशतभन्दा बढी अंक ल्याउने व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरु मध्ये बढी अंक ल्याउनेहरुलाई क्रमानुसार छनौट गरी तीन वटा संख्या पुऱ्याउनु पर्नेछ। तीनवटा संख्या पुऱ्याउँदा न्यूनतम अङ्क ल्याउने एकभन्दा बढी भएमा त्यसरी न्यूनतम अङ्क ल्याउने सबैलाई समावेश गर्नु पर्नेछ।

(१२) उपनियम (११) बमोजिम तीन वटा व्यक्ति, फर्म, कम्पनी वा संस्थाको सूची तयार गर्न नसकेमा पुनः बोलपत्र आव्हान गर्नु पर्नेछ।

(१३) उपनियम (१०) मा उल्लेख भए बमोजिम प्राविधिक प्रस्तावको छनौट गर्दा पूर्णाङ्क १०० अङ्क गरी देहायका आधारमा बढी अङ्क ल्याउनेलाई छनौट गर्नुपर्नेछ। त्यस्ता आधारमा अङ्क विभाजन गर्दा छनौट गर्ने निकायले आफ्नो आवश्यकता तथा कामको प्रकृति अनुसार अङ्क निर्धारण गरी प्रस्तावको सूचना दिंदा नै आधारको अंकभार सार्वजनिक गर्नुपर्नेछः-

(क) प्रस्तावित आयोजनाको निमित्त आवश्यक अनुभव, योग्यता तथा दक्षता सम्बन्धी विवरण।

(ख) प्रस्तावित जनशक्तिको कार्यदक्षता तथा योग्यता सम्बन्धी विवरण।

(ग) कार्य सम्पन्न गर्ने तरिका, कार्यविधि, समय तालिका तथा जनशक्तिको अनुमानित लागत।

(घ) आयोजनाको कामसंग सम्बन्धित प्राविधिक मालसामान तथा उपकरण।

(ङ) प्राविधिक क्षमता।

(च) कार्य शुरु र सम्पन्न मिति सहितको कार्य अनुभवको विवरण।

(छ) काम सम्पन्न गर्नु पर्ने मिति, मूल्य सहितको चालू कार्यहरुको विवरण

(ज) व्यवस्थापन क्षमता खुल्ने विवरण।

(झ) आर्थिक अवस्था।

(१४) उपनियम (१०) र (११) बमोजिमको प्रकृया पूरा गरी छनौट भएका प्राविधिक प्रस्तावहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ। यसरी खोलिएका आर्थिक प्रस्तावहरु मध्ये प्राविधिक प्रस्ताव तर्फ साठी प्रतिशत र आर्थिक प्रस्ताव तर्फ चालीस प्रतिशतको भार दिई सबैभन्दा बढी अंक पाउनेको प्रस्ताव स्वीकृत गर्नुपर्नेछ।

तर घटीवालाको आर्थिक प्रस्ताव उपयुक्त नदेखिएमा बढीवालाको प्रस्ताव पनि स्वीकृत गर्न सकिनेछ। यसरी बढीवालाको प्रस्ताव स्वीकृत गरी सेवा लिनु परेमा सोको कारण खुलाई समितिको स्वीकृति लिनु पर्नेछ।

(१५) उपनियम (१४) बमोजिम प्राविधिक र आर्थिक प्रस्ताव स्वीकृत भएपछि स्वीकृत हुने प्राविधिज्ञ वा प्राविधिज्ञहरुको समूह वा परामर्शदातृ व्यक्ति, फर्म, कम्पनी वा संस्थाले स्वीकृत भएको आर्थिक प्रस्तावको कुल अङ्कको पाँच प्रतिशत नगद वा बैङ्क जमानत पेश गर्नुपर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१६) यस नियम बमोजिम आर्थिक र प्राविधिक प्रस्ताव स्वीकृत गर्ने अधिकार देहाय बमोजिम हुनेछ :-

(क) रु ५,००,०००।- (पाँच लाख रुपैयाँ) सम्म - विभागीय प्रमुखमा,

(ख) रु ५,००,०००।- (पाँच लाख रुपैयाँ) भन्दा माथिकोमा - समितिमा ।

(१७) उपनियम (१०) र (१३) बमोजिम प्रस्ताव प्राप्त गरी प्राविधिक वा परामर्श सेवा लिने अवस्था बाहेक सामान्य निर्माण कार्यको डिजाइन, लागत अनुमान तयार गर्न र रेखदेख तथा मर्मत सभारको लागि आयोजना वा कामको कुल लागत अनुमानको तीन प्रतिशतभन्दा बढी सेवा शुल्क दिइने छैन ।

तर अन्य विभिन्न विशेषज्ञता सम्बन्धी कुरामा उक्त प्रतिशतभन्दा बढी दिनु पर्ने भएमा त्यस्तो कुराको कारण खुलाई समितिको स्वीकृति लिनु पर्नेछ ।

(१८) उपनियम (१६) बमोजिम प्राविधिक र आर्थिक प्रस्ताव स्वीकृत गर्न सक्ने अधिकार प्राप्त अधिकारीले आफू समक्ष पेश भएको प्राविधिक र आर्थिक प्रस्तावहरु कारण जनाई अस्वीकृत वा रद्द गर्न सक्नेछ ।

(१९) स्थानीय प्राविधिज्ञ वा प्राविधिज्ञहरुको समूह वा परामर्शदातृ संघ, संस्था, फर्म वा कम्पनीबाट मात्र काम हुन नसक्ने भै विदेशी सल्लाहकार नियुक्ती गर्नु पर्ने भएमा समितिको पूर्व स्वीकृति लिनु पर्नेछ । यसरी विदेशी सल्लाहकारको सेवा प्राप्त गर्नुपर्ने भएमा उपलब्ध हुन सक्ने स्वदेशी सल्लाहकारको समेत बढी संलग्नता हुने गरी सम्झौता गर्नुपर्नेछ । दातृ पक्षसंगको सम्झौता अनुसार विदेशी सल्लाहकार नियुक्त गर्न यस नियमले बाधा पर्नेछैन ।

(२०) यस नियम बमोजिम प्रस्ताव स्वीकृत भएपछि सचिवालयले तीन दिनभित्र सूचना दिई बाटाको म्याद बाहेक सात दिन भित्र सम्झौता गर्नु पर्नेछ र सम्झौता बमोजिम काम सम्पन्न भएपछि कार्य सम्पादनको प्रतिवेदन तयार गरी अध्ययन प्रतिवेदन भएमा सो समेत संलग्न गरी समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२१) यस नियम बमोजिम काम गराउँदा दिनु पर्ने रकम सम्झौतामा उल्लिखित आधारमा विभागिय प्रमुखले तीन किस्तामा भुक्तानी दिनेछ र अन्तिम किस्ता दिंदा शर्त अनुसार गुणस्तर सन्तोषजनक भए वा नभएको जाँची मात्र दिनु पर्नेछ ।

(२२) आयोजनको सम्भाव्यता अध्ययन, अनुसन्धान, ड्रइङ्ग, डिजाइन, स्पेसिफिकेशन, सर्वेक्षण, निर्माण कार्यको रेखदेख र मर्मत सभारको लागि परामर्शदाताको सेवा शुल्क कूल निर्माण लागतको साधारणतया दश प्रतिशतभन्दा बढी हुनु हुँदैन । सोभन्दा बढी हुने भएमा समितिको स्वीकृति लिनुपर्नेछ ।

(२३) विदेशी वा स्वदेशी परामर्शदाताले समयमा शर्त बमोजिम काम नगरी ढिला गरेमा वा सन्तोषजनक काम नगरेमा वा प्राविधिक त्रुटी गरेको कारणबाट दायित्व बढेमा हुने कारवाही जस्तै हर्जाना वा कालो सूचीमा नाम समावेश गर्ने शर्त सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।

(२४) परामर्शदाताले तयार गरेको लागत अनुमानको परिमाण सम्पन्न कार्यको परिमाणसंग पच्चीस प्रतिशतभन्दा बढी फरक परेमा परामर्शदातासंग फरक पर्नाको कारण स्पष्ट गर्न लगाई विभागीय प्रमुख समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ । निजले दिएको कारण मनासिब नभएमा त्यस्ता परामर्शदातालाई सचेत गराई विभागीय अभिलेख राखी त्यसको जानकारी सबै मन्त्रालयलाई दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५६. अमानतबाट काम गर्ने : (१) आकस्मिक मर्मत संभार कार्य बाहेक सामान्यतः अमानतबाट काम गर्न हुँदैन। यस नियमावली बमोजिम बोलपत्र माग गरिएकोमा बोलपत्र नपरी वा विशेष परिस्थितिबाट अमानतमा निर्माण सम्बन्धी काम गर्नु परेमा समितिको स्वीकृति लिई स्वीकृत लागत अनुमान बमोजिम निर्माण सम्बन्धी काम गराउन सकिनेछ। समितिले आवश्यक देखेमा यस्तो अमानतबाट गर्ने गराउने कार्य उपसमिति गठन गरी गराउन सक्नेछ।

(२) यस नियमावली बमोजिम अमानतबाट निर्माण सम्बन्धी काम गर्नु परेमा त्यस्तो काम एक लाख रुपैयाँमा नबढाई खण्ड खण्ड गरी वार्ताबाट गराउन वा आवश्यक निर्माण सामग्री उपलब्ध गराई ज्यालाको ठेक्कामा दिन सकिनेछ।

(३) सचिवालय आफैंले अमानतबाट काम गर्दा तत्सम्बन्धमा आवश्यक खरिद तथा सेवा उपलब्ध गर्नु परेमा यस नियमावली बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

५७. प्राविधिकको जिम्मेवारी : यस नियमावली बमोजिम निर्माण सम्बन्धी कामको लागत अनुमान तयार गर्ने, जाँच गर्ने तथा स्वीकृत ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेशन बमोजिम गुणस्तरयुक्त काम भए वा नभएको सुपरीवेक्षण गरी जाँचबुझ गर्ने जिम्मेवारी सो कामको लागि विभागीय प्रमुखले तोकेको वा नियुक्त गरेको प्राविधिक कर्मचारीको हुनेछ।

५८. अनुचित प्रभावमा पार्न र पर्न नहुने : कुनै बोलपत्रदाताले आफ्नो वा अरु कसैको बोलपत्रको सम्बन्धमा कुनै किसिमको अनुचित प्रभाव पार्न वा दवाब दिन प्रयास गरे गराएमा त्यस्तो बोलपत्रदाताको बोलपत्र अस्वीकृत गर्न सकिनेछ र यसरी बोलपत्र अस्वीकृत गरिएमा सो को अभिलेख राख्नु वा राख्न लगाउनु पर्नेछ। साथै बोलपत्र मूल्यांकन र निर्णय गर्ने प्रक्रियामा संलग्न कर्मचारी त्यस्तो प्रभावमा परेको पाइएमा त्यस्तो कर्मचारी उपर विभागीय कारबाही हुनेछ।

५९. जमानत लिनु नपर्ने : (१) श्री ५ को सरकारको पचास प्रतिशतभन्दा बढी पूँजी परेको संस्थाबाट कुनै प्रकारको जमानत लिनु पर्ने छैन।

(२) उपनियम (१) बमोजिम जमानत नलिए पनि रनिंग बिलको भुक्तानी दिंदा यस नियमावली बमोजिम लाग्ने धरौटीमा दुई प्रतिशत रकम थप गरी धरौटीमा राख्नु पर्नेछ।

६०. कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने : निर्माण सम्बन्धी काम सम्पन्न भएपछि देहाय बमोजिम कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ :-

(क) स्वीकृत लागत अनुमान बमोजिम निर्माण सम्बन्धी काम सम्पन्न भएपछि विभागिय प्रमुखले त्यस्तो काम निर्धारीत ड्रइङ्ग, डिजाइन तथा स्पेशिफिकेशन बमोजिम गुणस्तरयुक्त भए वा नभएको प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्नको प्रतिवेदन तयार गर्नु गराउनु पर्नेछ। त्यस्तो प्रतिवेदन समिति वा विभागीय प्रमुखले आवश्यक देखेमा काम भए वा नभएको आफैंले जाँचबुझ गर्न वा त्यस्तो जाँचबुझको कार्य गर्न प्राविधिक कर्मचारी वा प्राविधिक कर्मचारीहरुको टोली खटाउन सक्नेछ। यसरी तयार भएको कार्य सम्पन्न प्रतिवेदन बोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष प्रस्तुत गर्नु पर्नेछ। कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएको पैंतालीस दिन भित्र जाँचबुझ गर्ने गराउने कार्य नभएमा स्वतः स्वीकृत भएको मानिनेछ।

(ख) कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएपछि ठेकेदारलाई कार्य सम्पन्न प्रमाणपत्र दिनु पर्नेछ।

६१. ठेक्काको कार्य प्रगति अनुगमन गर्ने : ठेक्का सम्झौता गर्दा कार्यक्रम र कार्यतालिका समेतलाई संलग्न गरी गर्नुपर्नेछ। कार्य तालिका बमोजिम वा ठेक्काका शर्त बमोजिम ठेकेदारबाट काम भए

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा नभएको विभागिय प्रमुखले लगातार अनुगमन गर्नु गराउनु पर्नेछ। पच्चीस लाखभन्दा बढीको आयोजनाको ठेक्काको कामको अनुगमनको नतिजा चौमासिक रुपमा विभागीय प्रमुख समक्ष पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

६२. म्याद थप गर्ने : (१) यस नियमावली बमोजिम भएको ठेक्का सम्झौतामा तोकिएको म्याद भित्र ठेकेदारले उपनियम (२) बमोजिमको कारण परी काम पूरा गर्न नसकिने अवस्था परेमा निजले सो को कारण खुलाई काम पूरा गर्नु पर्ने अवधिभन्दा घटीमा पन्ध्र दिन अगावै म्याद थपको लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम म्याद थपको लागि निवेदन परेमा प्राकृतिक एवं दैवी प्रकोप तथा आकस्मिक, अप्रत्याशित विशेष कारणहरु परेमा वा सचिवालयले निर्माण सामग्रीहरुको आपूर्ति गर्न नसकेमा वा समयमा जग्गा अधिग्रहण गर्न नसकेमा वा आवश्यक इजाजत, स्वीकृति उपलब्ध गराउन नसकेमा वा समयमा डिजाइन उपलब्ध गराउन नसकेको वा डिजाइन इष्टिमेट परिवर्तन गर्नु परेको जस्ता मनासिब कारणले ठेक्का सम्झौतामा तोकिएको म्यादमा कार्य सम्पन्न गर्न नसकेको देखिएमा ठेक्का सम्झौता बमोजिम पूरा गर्नु पर्ने काम मध्ये के कति पूरा भयो, के कति बाँकी छ छानबीन गरी म्याद थप गर्नु पर्ने कारण विस्तृत रुपमा उल्लेख गरी बोलपत्र स्वीकृत गर्ने अधिकारीले देहाय बमोजिम म्याद थप गरी दिन सक्नेछ।

(क) कामको लागत नबढने गरी शुरु ठेक्का अवधिको सत प्रतिशत वा छ महिना जुन घटी हुन्छ सो अवधिसम्म।

(ख) कामको लागत बढने भएमा वा खण्ड (क) बमोजिमको अवधिभन्दा बढी अवधि थप गर्नु पर्ने भएमा समितिको निर्णय बमोजिम गर्नु पर्नेछ।

स्पष्टीकरण : यस उपनियमको प्रयोजनको लागि "कामको लागत" भन्नाले थप परीमाण समेतलाई जनाउँछ।

(३) ठेकेदारको ढिलाईको कारणबाट ठेक्का सम्झौतामा तोकिएको म्याद भित्र ठेक्काको काम पूरा हुन नसकेमा त्यस्तो ठेकेदारले शुरुमा कबोल गरेको ठेक्का रकमको ०.०५ प्रतिशत प्रति दिनका दरले हर्जाना लिने गरी बोलपत्र स्वीकृत गर्ने अधिकारीले उपनियम (२) बमोजिम म्याद थप गर्न सक्नेछ। त्यसरी म्याद थप गर्दा ठेकेदारले थप आर्थिक व्ययभार दावी गर्न पाउने नपाउने कुरा समेत स्पष्ट खुलाई सो को जानकारी सम्बन्धित ठेकेदारलाई दिनु पर्नेछ।

(४) उपनियम (२) को खण्ड (ख) बमोजिम म्याद थप गर्दा बोलपत्र स्वीकृत गर्ने अधिकारीले योजना र आर्थिक प्रशासन महाशाखा वा शाखा प्रमुख र प्राविधिक अधिकृत कर्मचारीहरु समेतबाट उक्त उपनियममा लेखिएका कुराहरु छानबीन गर्न लगाउनु पर्नेछ।

६३. बीचमा ठेक्का तोड्न नपाइने : (१) यस नियमावली बमोजिम ठेक्का सम्झौता भइसकेपछि ठेक्का दिने अधिकार प्राप्त अधिकारी र ठेक्का लिने व्यक्ति दुवैको मन्जुरी बिना ठेक्का अवधि भुक्तानी नहुँदै बीचमा ठेक्का तोड्न वा छाड्न पाइने छैन।

तर ठेक्का सम्झौता बमोजिम काम शुरु नगरेमा वा काम शुरु गरी बीचमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा ठेक्का दिने अधिकारीले ठेक्का तोड्न सक्नेछ। यसरी ठेक्का तोडिएमा ठेकेदारले सो काम वापत राखेको जमानत पूरै जफत हुनेछ र सो अपूरो काम पूरा गर्न ठेक अंकभन्दा जे जति बढी खर्च पर्दछ सो रकम ठेकेदारको बिलबाट कटाएको जुनसुकै रकम तथा भुक्तानी लिन बाँकी रकमबाट असुल गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।